प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७२/७३-१७
चलानी नं. : ७०३

CDS and Clearing Ltd.

## प्रेस विज्ञप्ति

कागजरहित प्रविधि अपनाई धितोपत्रको केन्द्रीय निक्षेप गरी अभौतिक कारोबारको बिद्युतीय रुपमा छिटो र छरितो राफसाफ तथा फछ्र्यौट गर्ने उद्देश्यले नेपाल स्टक एक्सचेन्ज लि. को पूर्ण स्वामित्वमा स्थापना भएको यस सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड आज मिति २०७२/०९/०७ गते पाँचौं वर्ष पूरा गरी छैठौं वर्षमा प्रवेश गरेको छ ।

यस लि. मा हालसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत १२६ वटा कम्पनीहरुले आफ्नो धितोपत्र अभौतिकीकरणका लागि दर्ता गरिसकेका छन् । त्यसै गरी केन्द्रीय निक्षेप सेवा लगानीकर्तामाझ पुऱ्याउनका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त ४८ वटा कम्पनीहरुलाई यस लि. बाट निक्षेप सदस्यता प्रदान गरिएको छ । लगानीकर्ताहरुले आफूसंग रहेका विभिन्न कम्पनीका धितोपत्रहरु निक्षेप गर्नका लागि हालसम्म १३३९८९ हितग्राही खाता खोली २५,६९,२६,६५६ कित्ता धितोपत्र विद्युतीय रुपमा कारोबार गर्न सक्ने गरी अभौतिकीकरण गरिसकेका छन् । साथै ४,२०,२७,२४५ कित्ता बराबरको रु.३३,३८,९८,२०,०७९ मुल्यको अभौतिक रुपमा कारोबारको राफसाफ तथा फछ्र्यौट समेत गरिसकिएको छ ।

सिडिएस एण्ड क्लियरिङ्ग लि. मा अघिल्लो वर्षहरुको तुलनामा यस वर्ष सूचीकृत कम्पनीहरुले धितोपत्र अभौतिकीकरण गर्ने क्रम उल्लेखनिय रुपमा बृद्धि भइरहेको, निक्षेप सदस्यको सख्या, निक्षेप सदस्यहरुको संजाल, हितग्राही खाता खोल्ने संख्या र कारोबारको विद्युतीय राफसाफ तथा फछ्र्यौट कार्यमा समेत बृद्धि भइरहेको छ ।

मिति : २०७२/०९/०७

सिंहदरबार प्लाजा, काठमाडौं, नेपाल ।
Singhdurbar Plaza, Kathmandu, Nepal.
Tel.: 977-1-4250596
Website: www.cdscnp.com